# कार्यसम्पादन प्रतिवेदन
# (Performance Report)

## डिभिजन वन कार्यालय अर्घाखाँची

## (२०८१ भदौ १७ - २०८२ साउन २७ सम्म)

## बिषय सूची


१.भूमिका ( INTRODUCTION) 3

१.२ प्रतिबेदन अवधि 3

२) सम्पादित कार्यहरु र मुख्य उपलब्धिहरू .KEY ACHIEVEMENTS 4

३सिकाइ . तथा समस्या 9

४.देखिएका समस्या 9

५) बाँकी रहेका कार्यहरू .PENDING TASKS 9

६) मन्तब्य .REMARKS 10

७. संक्षेप र सुझाव SUMMARY & RECOMMENDATIONS 11

# १.भूमिका(Introduction)

*१.१ परिचय*

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालका सात प्रदेश मध्ये लुम्बिनी प्रदेश को पहाडी जिल्ला हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्लाको स्थानिय तहको विवरण सहित प्रकाशन गरेको तथ्याङ्क अनुसार जिल्लाको कुल क्षेत्रफल १२३९.०८ वर्ग किलोमिटर अर्थात १२३९०८ हेक्टर रहेको छ तर केन्द्रिय तथ्याङ्कक विभागको आलेखमा भने यस जिल्लाको क्षेत्रफल ११९३ वर्ग कि.मी अर्थात ११९३०० हेक्टर क्षेत्रफलमा रहेको देखिन्छ । त्यस्तै वन सर्वेक्षण तथा अनुसन्धान विभागले सन २०१५ मा प्रकाशन गरेको तथ्याङ्कमा भने जिल्लाको कुल क्षेत्रफल १२३५.७० वर्ग किलोमिटर अर्थात १२३५७० हेक्टर रहेको देखिन्छ । नेपाल राज्यको एकिकरण हुनु अघि बाइसे राज्यहरुको रुपमा रहेका अर्घा र खाँची दुई राज्यलाई तत्कालीन पाल्पा राज्यमा गाभिएको थियो । पछि अञ्चल र जिल्ला विभाजन गर्ने क्रममा अर्घा र खाँची मिलाएर अर्घाखाँची जिल्ला बनाईएको हो ।हालको राजनैतिक विभाजन र नापी नक्शा अनुसार दक्षिणी क्षेत्रमा सीमा विवाद कायम नै रहेको छ । अर्घाखाँची नामाकरणका सम्बन्धमा प्राप्त जनविश्वास अनुसार यस जिल्लाको अर्घा भन्ने स्थानमा रहेको भगवती मन्दिरमा अर्घाको रुपमा दही चढाउँदा देवी निस्किएकीले सो नामबाट अर्घा शब्दको उत्पति भएको हो भन्ने बुझिन्छ । खाँची शब्दको उत्पति भने सरकारले कर उठाउने ठाँउ वा व्यक्तिलाई खजाञ्ची भन्ने प्रचलन रहेकोले त्यसैबाट अपभ्रंस हुन गएको हो भन्ने बुझिन्छ । यसरी यस जिल्लाको नाम अर्घाखाँची रहन गएको भन्ने जनविश्वास रहेको पाईन्छ । सन २०१८ साल सम्म यो जिल्ला गुल्मी जिल्ला अन्तर्गत पर्दथ्यो भने नेपाललाई विभाजन गरे पश्चात यो छुटै जिल्लाको रुपमा स्थापित भयो । एकिकरण पश्चात अर्घा र खाँची दुई राज्यको सिमा विवाद र झैझगडा टुङग्याउन सन्धि सम्पन्न गरेकोले यस जिल्लाको सदरमुकाम रहेको ठाँउको नाम सन्धिखर्क नामाकरण गरिएको जनविश्वास छ ।

डिभिजन वन कार्यालय, अर्घाखाँचीको लक्ष्य वन क्षेत्र, जैविक विविधता, र वनस्पतिको प्रचलित कानून वमोजिम दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गरी समतामूलक आयआर्जन, रोजगारी तथा जीविकोपार्जन अवसर श्रृजना गर्न टेवा पुर्याउने रहेको छ।

## १.२ प्रतिबेदन अवधि

मिति २०८१ भदौ १७—साउन ३१, साउन २७ २०८२ सम्मको अबधीलाइ समेटिएको छ ।

*१.३उद्देश्य र महत्व*

सिनियर डिभिजनल वन अधिकृत श्री मोहन प्रसाद श्रेष्ठज्यूको नेतृत्वमा २०८१ भदौ १७ देखि २०८२ भदौ १ सम्मको अवधिमा अर्घाखाँची जिल्लामा सञ्चालन भएका कार्यक्रम, नीति कार्यान्वयन, वन संरक्षण तथा वन्यजन्तु व्यवस्थापनका विविध पहलहरूलाई समेटी यस प्रतिवेदन तयार पारिएको हो।

यस प्रतिवेदनको प्रमुख उद्देश्यहरू निम्नानुसार छन्ः

- कार्यालयद्वारा सम्पादन गरिएका प्रमुख कार्यक्रमहरू, उपलब्धिहरू र सफलताहरूको समिक्षा र दस्तावेजीकरण गर्नु।
- सिकाइ अनुभवहरू, नीति कार्यान्वयनका प्रभावहरू तथा स्थानिय समुदायसँगको समन्वयात्मक प्रयासहरूको अभिलेख राख्नु।
- बाँकी रहेका कार्यहरू, चुनौतीहरू र सुधारका क्षेत्रहरू पहिचान गर्दै आगामी दिनमा रणनीतिक योजना निर्माणको आधार तयार गर्नु।
- सरोकारवालाहरू, स्थानीय तहहरू, प्रदेश तथा संघीय निकायहरूका लागि प्रतिवेदनमार्फत पारदर्शिता, जवाफदेहिता र सहभागिताको प्रवर्धन गर्नु।

# २. सम्पादित कार्यहरु र मुख्य उपलब्धिहरू (Key Achievements)

उपरोक्त अवधिमा डिभिजन वन कार्यालय, अर्घाखाँचीले वन, वन्यजन्तु र वातावरण संरक्षणसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरेको छ। प्रमुख उपलब्धिहरू निम्नानुसार छन्ः

**२.१ सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्य**

- जिल्लाका ४२ वटा वन समुहहरुमा कार्यक्रम कार्यान्वयन गरि वन पैदावारको उत्पादकत्व र वनको हैसियतमा सुधार गरि १५३०३२ क्यूफिट काठ र ४३० चट्टा दाउरा उत्पादन भएको।
- निरन्तर छलफल र सहकार्यमा लामो समयसम्म संरक्षणमात्र भइरहेको शितगंगा ११ को २१० हेक्टर राष्ट्रिय वनक्षेत्रलाइ कुचुवादमार चक्ला वनको रुपमा स्वीकृत गराइ प्रदेश सरकारलाइ बार्षिक करिब ८६ लाख राजश्व प्राप्तिको श्रोत सुनिश्यत गरिएको ।
- उत्पादनशिल सल्ला प्रजातीको साबहरुमा क्रमिकरुपमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको थालनी भएको ।

**२.२ वृक्षारोपण तथा बिरुवा उत्पादन बितरण**

- सब-डिभिजन कार्यालय मालारानी छत्रदेव,सन्धिखर्क भुमिकास्थान,पाणिनिमा २६.१ हेक्टर वनक्षेत्र तथा ३० हेक्टर बढी निजि वन क्षेत्रमा **तेजपात, टिमुर, खयर** जस्ता बहुपयोगी प्रजातिका बिरुवाहरूको वृक्षारोपण कार्यक्रम सम्पन्न।
- नर्सरीबाट ५०० बढि बिरुवा माग गर्नेका लागि बृक्षारोपण स्थलमा नै बिरुवा ढुवानी र रोपण सहजिकरण **सम्पन्न भइ ४३७०० बिरुवा ढुवानी भएको ।**
- ६ वटा नर्सरीहरुबाट वन जन्य र जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार जन्य एकबर्षिय र बहुबर्षिय १८८००० बिरुवा उत्पादन गरिएको ।
- फलफुलजन्य तथा जडिबुटी र उच्चमूल्यका प्रजातीका २९५६६ बिरुवा खरिद तथा बितरण भइ निजि वन प्रबर्द्धनमा योगदान पुराइएको ।

## २.३ वन डढेलो नियन्त्रण तथा सचेतना कार्यक्रम

- वन डढेलो कार्ययोजना: स्थानिय तह र सुरक्षा निकायको समन्वयमा जिल्ला विपद् व्यवस्थापन समिति बाट कार्ययोजना स्वीकृति र कार्यान्वयन।
- विशेष समन्वय बैठकहरू: पालिकाहरूसँग बैठक गरी सहकार्य निर्णय।
- सारङ्गिमा सचेतना अभियान: ७१ स्थानमा १५ दिनसम्म सांस्कृतिक कार्यक्रमद्वारा व्यापक सचेतना।
- मोबाइल माइकिङ र प्रसारण: १० वटा जिङ्गल उत्पादन र जिल्लाभर माइकिङ/रेडियो प्रसारण।
- कार्यक्रममा सचेतना सन्देश: सबै कार्यक्रमहरूमा वन डढेलो सचेतना समावेश।
- समुदायस्तर सचेतना र डेमो: उपभोक्ता समूहहरूमा गोष्ठी र डेमो।
- वन हेरालू नियुक्ति: ३१९ जना वन हेरालू कार्यरत, ५-१० जना अनिवार्य निर्देशन।
- पातपतिङ्गर हटाउन सहयोग: ४० सामुदायिक वनलाई रु ४ लाखको सहयोग। २९ समुह खोटो संकलनकर्तालाइ र बाँकि कोष भएका समुहहरुमा अनिबार्य पातपतिङ्गर हटाउन निर्देशन र अनुगमन
- सुरक्षा निकाय समन्वय: नियमित समन्वय र बजेट विनियोजन।
- वन डढेलो नियन्त्रण दस्ता: १० सदस्यीय टोली गठन, गस्ती र प्रतिकार्य।
- फोकल पर्सन र डेस्क स्थापना: वन डढेलो नियन्त्रण डेस्क र फोकल पर्सन नियुक्ति।
- स्रोत साधन परिचालन: दमकल, सुरक्षा निकाय र वन दस्तालाई सक्रिय परिचालन।
- बल्क एसएमएस: सबै समुहका अध्यक्षलाइ निरन्तर मेसेज प्रबाह।
- निगरानी र मुद्धा दायर: वन डढेलो भएको स्थानमा तत्काल पुग्ने/१० सदश्यिय दस्ताबाट गाउमा बुझ्ने केरकार गर्ने र निगरानी राख्ने काम गर्ने गरेको,एकजनालाइ प्रकाउ गरि मुद्धा दायर

- पातपतिङ्गरबाट मल उद्यमको काम शुरु: ५ वटा समुहलाइ संकलन गरि उद्यमस्थलसम्म ल्याउन प्रति समुह ८० हजार,२ वटा मेसिन ५ लाख कार्यान्वय हुने गरि कार्य अगाडि बढेको ।
- बन डढेलो स्कूल सचेतना: १८ वटा उच्चमाबिमा सचेतना भएको

## २.४ राजश्व संकलन

- यस अबधीमा वन पैदावारको बिक्रि वितरणबाट प्रदेश सन्चितकोषमा रु ३१०५५०५२ दाखिल गराउन सफल भएको ।नियमानुसार भ्याट र अग्रिमकर रु २७३७४९६२ संघिय सन्चित कोषमा दाखिला भएको ।

## २.५ पुनरउत्पादन क्षेत्रको अनुगमन तथा पृष्ठपोषण

- वन सम्बर्द्धन प्रणाँलीमा आधारित वन व्यवस्थापन कार्य भएका सबै समुहहरुको कटान क्षेत्रको पुनरउत्पादनको अवस्था अनुगमन तथा समुहरुलाइ आवश्यक निर्देशन र सुझाव प्रदान भएको ।

## २.६ जडिबुटी प्रशोधन केन्द्र स्थापना

- भुमिकास्थान ९ गैरागोठमा महारस जडिबुटी कन्द्रसँगको लागत साझेदारीमा अत्याधुनिक मेसिनहरु सहितको जडिबुटी प्रशोधन केन्द्र स्थापना र सन्चालनमा ल्याइएको ।

## २.७ वनक्षेत्रका पातपतिङ्गरबाट कम्पोष्ट मल उद्यम संचालन

- शितगंगा १४ रहेका पावर सामुदायिक वन लगायत ५ वटा समुहहरुको कलष्टरमा पावर सामुदायिक वनमा २ वटा मेसिन सहितको कम्पोष्ट मल उद्यम स्थापना र सन्चालनमा ल्याइएको ।

## २.८ समन्वय, अनुगमन,सहकार्य र सशक्तिकरण

- **स्थानीय तह, सुरक्षाकर्मी, पत्रकार र सरोकारवाला निकायहरूसँगको वन व्यवस्थापनका सैदान्तिक कुरा तथा कार्यान्वयन भएका** विभिन्न कार्यक्रमहरूको बारेमा जानकारी र स्थलगत अनुगमन भएको ।
- सामुदायिक वन उपभोक्ता समूहहरूलाई **संस्थागत सशक्तिकरण** र समुह परिचालनका लागि योजनाबद्ध कार्यसम्पादन
- माननीय मन्त्री ज्यू, जिसस प्रमुख,प्रजिअ,वन निर्देशक,सुरक्षा निकाय तथा पत्रकार सहितका १४ वटा बहुपक्षिय अनुगमन सम्पन्न गरिएको।
- वन डढेलो र वन संरक्षणका एजेन्डमा ५ वटा स्थानिय तहका बिशेष बैठक सम्पन्न भएको।
- अभिमुखिकरण तथा प्रशिक्षण ५१ वटा समुहका पदाधिकारीलाइ गरिएको ।

## २.९ सूचना प्रवाह र डिजिटल पहुँच

- फेसबुक पेजमार्फत कार्यालयको गतिविधिहरू नियमित रूपमा सार्वजनिक, जसबाट **जनसरोकार र पारदर्शिता बढाइएको** छ। कार्यालयको website लाइ .lumbini.gov.np मा लिंक गरि नियमित अपडेट गरिएको ।
- डिजिटल पहुँच विस्तारसँगै **वनसम्बन्धी सचेतना सामग्रीको प्रचारप्रसार** गरिएको छ।
- गुनासो पोर्टल,Webapps,QR Code निर्माण गरि प्रयोगमा ल्याइएको । सबै शाखा प्रमुख र सबडिभिजन प्रमुखलाइ सरकारी नम्बर र फोन उपलब्ध गराइएको ।

## २.१० बाँदर तथा बदेलको क्षति न्यूनिकरण/मानववन्यजन्तु द्धन्द्ध न्यूनिकरण कार्यक्रम

- बाँदर तथा बदेलबाट कृषकहरूको बालीनाली संरक्षण गर्न २० जना **बाँदर/बदेल हेरालु** नियुक्त गरि स्थानिय वडा तहमा यस प्रकृतिको कार्य सम्पादन गर्न प्रोत्साहन।
- प्रभावित क्षेत्रहरूमा **स्थानीय जनप्रतिनिधि र समुदायसँग निरन्तर सहकार्य** अभिमुखिकरण
- विगत ३ बर्षको अवधिको वन्यजन्तुबाट पिडित १०८ जनालाइ किसानलाइ रु १६ लाख ८५ हजार ५०० क्षतिपुर्ति बितरण गरिएको।
- वन्यजन्तुबाट कृषि बालिमा क्षति भएका ६० किसानलाइ राहतस्वरुप जनही ३५ वटा बन्यजन्तुले नरुचाहाउने फलफूल बिरुवा बितरण गरिएको।

## २.११ सल्लाको वन व्यवस्थावन कार्यको शुरुवात

- ८ वटा सल्ला प्रजातीको वनक्षेत्रमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यको कार्यान्वयन भएको
- २९ वटा वन समुहहरुमा दिगोरुपमा खोटो संकलन कार्य गरि प्रदेश सन्चितकोषमा रु ७,९२,२७७ दाखिला भएको।

## २.१२ वन व्यवस्थापनको आयलाइ थप पराकिलो पार्ने प्रयत्नको शुरुवात

- वन सम्बर्द्धन प्रणली लागू भएका सामुदायिक वनबाट प्राप्त आयलाइ सामाजिक बिकासका लागि नबिनतम कामका लागि अन्यत्र समेत परिचालन गर्ने प्रयत्नको शुरुवात ।
- पहिलो पटक शितगंगा नगरपालिकाका १० वटा सामुदायिक वन समुहले आफ्नो पालिका भन्दा बाहिरका ५ वटा पालिकाका लागि २० जना बादर हेरालू नियुक्त गरिएको र अन्य पालिकाहरुले समेत यस कार्य अनुशसरण कार्य गरिरहेको ।

## २.१३ वन पैदावार आपूर्ति समितिको प्रभावकारि सन्चालन

- घर निर्माण मर्मत तथा दैविक प्रकोप पिडित गरेर ५४ जनालाइ सस्तो र शुलभ दरमा साल प्रजातीको ५०३७ क्यूफिट काठ बितरण भएको ।
- यसबाट प्रदेश सन्चित कोषमा ९,१९,९१० रकमको योगदानका साथ समिति मार्फत रु ५६,५३,१७३ कारोबार भएको

## २.१४ वन क्षेत्रभित्रका खोलाखोली ब्यबस्थापन

- शितगंगा ११ को गुडरुङखोला र शितगंगा १२ को धिरिखोलाको व्यवस्थापन गरिएको।
- यसबाट ५५८३४२ क्यूफिट नदिजन्य पदार्थ संकलन भइ लिलाम प्रकृयामा रहेको ।करिब ६० लाख राजश्व आम्दानी हुने देखीएको।

## २.१५ सुधारिएको घाटगद्धी व्यवस्थापन

- समृद्धिका लागि वन कार्यक्रम मार्फत १ वटा ट्रस्ट सहितको घाटगद्धी निर्माण तथा ५ वटा सुधारिएका घाटगद्धी ब्यबस्थापन कार्य गरि ६ वटा समुह लाभावित भएका।

## २.१६ वातावरणीय स्वच्छताका लागि सव दाह गृह निर्माण

- वातावरणीय स्वच्छताका लागि सन्धिखर्क नगरपालिको समेत लागत साझेदारीमा मथुरा र गच्छे खोलामा २ वटा व्यवस्थित सव दाह गृह निर्माण भएको ।

## २.१७ रोजगारी सृजनामा योगदान

- वन बिकास तथा व्यवस्थापन कार्यबाट १३७१४ श्रमदिन रोजगारी सृजना भएको।

## २.१८ वन अपराध नियन्त्रणमा सकृयता

- यस अबधीमा वन डढेलो लगायत वन पैदावार अबैध कटान तथा ओसारपसार सम्बन्धिका ४ वटा मुद्धा दायर भएको।
- शसत्र वन रक्षक परिचालन योजना तयारी पारी कार्यान्वयन गरिएको ।

# ३. सिकाइ तथा समस्या

. **सिकाइ र अनुभवहरू**

- **योजनाबद्ध कार्यान्वयन**ले निर्धारित लक्ष्यहरू हासिल गर्न सजिलो बनाएको।
- **जिल्लास्तरीय तथा सरोकारवाला कार्यालयहरूबीचको समन्वय**ले कार्यसम्पादनमा सकारात्मक प्रभाव पारेको।
- **निरन्तर समूह अभिमुखीकरण र क्षमता अभिवृद्धि कार्यक्रम**ले सामुदायिक वन समूहहरूको सक्रियता र परिचालनमा सुधार ल्याएको।
- **निरन्तर र बहु-सरोकारवाला अनुगमन**ले समूह र कर्मचारी दुवैमा उत्प्रेरणा र जिम्मेवारी बोध बढाएको।

# ४.देखिएका समस्या

- **दरबन्दीअनुसारका अधिकृतस्तरका कर्मचारीको अभाव**।
- **कार्यालय सञ्चालनका लागि पर्याप्त बजेटको कमी**।
- **बाँदर, बदेल र सल्ला  जस्ता वन्यजन्तु तथा बनस्पतिबाट उत्पन्न समस्याका कारण** कार्यालयप्रति नकरात्मक धारणा।
- **उत्पादित काठ र दाउराको बिक्रीमा जटिलता र ढिलासुस्ती**।
- **स्वस्थ प्रतिस्पर्धाको कमी तथा व्यक्तिगत असन्तुष्टि हुँदा उजुरी दिने प्रवृत्ति**।

# ५. बाँकी रहेका कार्यहरू (Pending Tasks)

### ५.१ बाँदर तथा बदेल व्यवस्थापनको दीर्घकालीन योजना

- बाँदर नियन्त्रणमा हाल परिचालित हेरालु र अन्य कार्य अल्पकालीन समाधानमात्र भएका कारण दीर्घकालीन **स्थानान्तरण रणनीति, टेक्नोलोजी (जस्तै अल्ट्रासोनिक डिभाइस), प्रजनन नियन्त्रण उपाय** लगायतको स्थायी कार्ययोजना आवश्यक छ।
- स्थानीय समुदायको **सक्रिय अनुगमन टोली गठन** र आवश्यक तालिमको निरन्तरता।

### ५.२ रोपण क्षेत्रहरूको संरक्षण र व्यवस्थापन

- **बिरुवा हुर्कने दर (survival rate) को मूल्याङ्कन** र कमजोर क्षेत्र पहिचान गरेर सुधार योजना बनाउनु पर्ने।

### ४.३ सामुदायिक वन समूहहरूको संस्थागत सशक्तिकरण

- थुप्रै उपभोक्ता समूहहरूमा **दायित्व र पारदर्शिताको स्पष्टता** अभाव देखिएकाले, कार्यविधि, योजना निर्माण क्षमता तथा लेखाप्रणालीमा तालिम आवश्यक।
- **वार्षिक कार्ययोजना निर्माण** र स्थानीय तहसँगको बजेट समन्वय कार्य अझै व्यवस्थित गरिनु बाँकी।

### ४.४ वन डढेलो नियन्त्रण कार्यको दीर्घकालीन संरचना

- डढेलो उच्च जोखिम भएका स्थानहरूमा **फायर लाइन, स्थानीय सचेत टोली** स्थापना लगायतको आवश्यकता।
- **शैक्षिक संस्थाहरू, आमा समूहहरू,टोल बिकास र आमसन्चार**लाई सक्रिय सहभागी बनाउन अझ ठोस पहल आवश्यक।

### ४.५ वन अपराध नियन्त्रण र निगरानी प्रणाली

- ड्रोन,स्पाइस क्यामरा र अन्य उपकरणको प्रयोग

### ४.६ समुहरुमा नबिनतम कार्य

- कार्यालय भवन निर्माणका लागि माग भएका समुहमा नमुना काठका घर निर्माण कार्य बाँकि रहेको ।

### ४.७ सल्ला प्रजातीको वनमा थिनिङ तथा Species conversion कार्य

- जिल्ला माग अनुसार सल्लाको वनक्षेत्रमा थिनिङ कार्य र कन्भर्सन कार्यको शुरुवात गर्ने कार्य बाँकि रहेको

## ६. मन्तब्य (Remarks)

डिभिजन वन कार्यालय अर्घाखाँचीमा मैले पाएको सेवा अवधि छोटो भए पनि, यहाँ बिताएको प्रत्येक दिन मलाई उद्देश्यपूर्ण, स्मरणीय र सशक्त अनुभवका रूपमा रहिरहनेछ। २०८१ सालको भदौ १७ गतेदेखि मैले यो कार्यालयको नेतृत्व सम्हाल्दा, अर्घाखाँची जिल्लाको वन क्षेत्र, जैविक विविधता, वन उपभोक्ता समूहहरूको जागरुकता, र स्थानीय तहहरूको वनप्रति प्रतिबद्धता देख्दा मलाई निकै आशा जागेको थियो। आज म सन्तोषका साथ भन्न सक्छु कि सीमित समयमै हामीले मिलेर धेरै सकारात्मक सुरुवातहरू गर्न सक्यौं।

वन व्यवस्थापन कार्य कार्यान्वय,राजश्व संकलन,बाँदर तथा बदेल हेराल् व्यवस्थापन,खोलाखोल्सी ब्यबस्थापन, सामुदायिक वन सशक्तिकरण, वृक्षारोपण, नर्सरी व्यवस्थापन, डढेलो नियन्त्रण, अवैध कटानी न्यूनीकरण, र अनुगमन प्रणाली सुधारजस्ता कार्यहरूमा हामीले देखाएको प्रतिबद्धता र सहयोग अद्वितीय रह्यो। यहाँका सबै कर्मचारी,स्थानीय नेता, नेतृत्व,सरोकारवाला निकाय र सबै उपभोक्ता समूहहरूको सक्रिय सहभागिताले गर्दा यस्ता कार्यहरू सम्भव भएका हुन्।

म खासगरी अर्घाखाँची जिल्लाका सामुदायिक वन उपभोक्ता समूहहरूप्रति विशेष आभार प्रकट गर्न चाहन्छु। उनीहरूको अपनत्व, स्थानीय समाधानप्रतिको समर्पण र स्वामित्वबोधले मलाई धेरै सिकायो। वन क्षेत्रको संरक्षण केवल कानुन वा प्रशासनिक निगरानीले होइन, समुदायसँगको सहकार्य, विश्वास र साझेदारीले मात्र दीर्घकालीन रूपमा सम्भव हुन्छ भन्ने कुरा अर्घाखाँचीमा मैले प्रत्यक्ष महसुस गरें।
यस कार्यालयमा कार्य गर्दा मैले केही संरचनात्मक चुनौतीहरू पनि अवलोकन गरें ' स्रोतसाधनको सीमितता, जनशक्ति अभाव, केही क्षेत्रीय समन्वय कमजोरीजस्ता पक्षहरूमा अझ सुधारको खाँचो छ। तर यी चुनौतीहरू समाधान गर्न सकिने रहेछन् भन्ने आत्मविश्वास तपाईंहरूसँगको सहकार्यबाट प्राप्त भयो।
सरुवा प्रशासनिक प्रक्रिया हो, जुन सबै सरकारी कर्मचारीले व्यावसायिक रूपमा स्वीकार गर्नुपर्छ। तथापि, अर्घाखाँचीमा मैले बनाएको सम्वन्ध, बटुलेको अनुभव र तपाईंहरूसँग बिताएको समय मेरो सेवाजीवनकै एउटा उत्कृष्ट र प्रेरणादायी अध्यायका रूपमा रहनेछ। अब म अर्को जिम्मेवारीमा जान लागेको भए पनि अर्घाखाँचीसँगको आत्मीयता, यहाँका साथीहरूप्रति सम्मान, र कामप्रतिको सम्झना सधैं मेरो साथमा रहनेछ।
अन्त्यमा, म यस कार्यालयका सबै कर्मचारी, समुदाय, स्थानीय तह, जिल्ला समन्वय प्रमुख,प्रमुख जिल्ला अधिकारी,सम्पुर्ण राजनितिक दल,सुरक्षाकर्मी, पत्रकार,काष्ठव्यवसायी,फेकोफन,बैज्ञानिक वन व्यवस्थापन महासंघ लगायत सरोकारवाला र सहयोगी मनहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। तपाईंहरूको साथ, समर्थन र विश्वासबिना यी प्रयासहरू सम्भव हुने थिएनन्। आगामी दिनमा यो कार्यालय अझ परिस्कृत, दक्ष र समुदाय—केन्द्रित संस्थाका रूपमा विकास होस् भन्ने शुभकामना व्यक्त गर्दै, म सबैलाई निरन्तर सहयोग र सहकार्यको लागि अनुरोध गर्दछु।
**"वन संरक्षण केवल कर्म होइन, जिम्मेवारी हो — जुन हामी सबैले साझा रूपमा वहन गर्नुपर्छ।"**

## ७. संक्षेप र सुझाव (Summary & Recommendations)

यो प्रतिवेदन मार्फत अर्घाखाँची जिल्लाको वन क्षेत्रको व्यवस्थापनमा पछिल्लो अवधिमा भएको प्रगति, चुनौती र सम्भावनाहरू स्पष्ट प्रस्तुत गर्ने प्रयास गरिएको छ। प्रारम्भ गरिएका प्रयासहरूलाई दीर्घकालीन दृष्टिकोणबाट अगाडि बढाउन सकेमा अर्घाखाँची जिल्लालाई प्रदेशकै **उदाहरणीय वन प्रशासन मोडल**को रूपमा स्थापित गर्न सकिने पूर्ण सम्भावना रहेको छ।यस जिल्लाको जिम्मेवारी सम्हाल्न आउन थाल्नुभएका कार्यालय प्रमुख **श्री नारायण देव भट्टराइ** ज्यूलाइ हार्दिक धन्यवाद तथा सफल कार्यकालको शुभकामना।

सधैं आभारी,
श्री मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय अर्घाखाँची

२०८२।०४।२७